आज मिति २०८२ साल जेठ महिनाको ९ गतेका दिन दिउँसो १ बजे यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको ७०औ बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा वसी तपसिल वमोजिमको निर्णय गरियो।

उपस्थिति:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर वहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री [illegible] भण्डारी | योजना शाखा | |
| ३ | श्री बलराम श्रेष्ठ | का. भि. | |

नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ७०
मितिः २०८२/०२/०९
समयः दिउँसो १ बजे

प्रस्तावहरुः

१ अघिल्लो का.पा. बैठकको समिक्षा सम्वन्धमा।
२ विपद राहत सम्वन्धमा।
३ सुरक्षित आवास जस्तापाता सम्वन्धमा।
४ शान्तीपार्क उद्धाटन र घेरावार सम्वन्धमा।
५ शिक्षक दरवन्दी मिलान कार्यविधि संशोधन सम्वन्धमा।
६ बाल विकास समायोजन कार्यविधि सम्वन्धमा।
७ प्रशासनिक भवन फिल्ड मर्मत, चमेना गृहको परिसरको शौचालय, पार्किङ स्थल निर्माण योजनाबाट वचेको रकम सम्वन्धमा।
८ नगर प्रहरीको दर्ज्यानी चिन्ह सम्वन्धमा।
९ नेपाल स्वास्थ्यका लागि पानी (NEWAH) को लागि योजना छनौट सम्बन्धमा।
१० विविध सम्वन्धमा।
   क) वास प्लान सम्वन्धमा।
   ख) बलाङ्ग औधोगिक ग्राम स्थापनको प्रतिवेदन सम्वन्धमा।
   ग) स्वर्गद्वारी नगरपालिकाका पर्यटकीय क्षेत्रको प्रर्वद्धनका लागि नेपाल प्रर्यटन वोर्ड सँग लागत साझेदारी सम्वन्धमा।

निर्णयहरुः

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०१/१५ गते बसेको ६९औं नगरकार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा विभिन्न मितिमा भएका घटना तथा प्रकोपमा परि राहतका लागि माग भइ नगर विपद व्यवस्थापन समिति मार्फत नगर कार्यपालिकालाई सिफारिस गरिएको तपसिलको निर्णय अनुमोदन गरियो र सोहि बमोजिम राहत प्रदान गर्ने निर्णय गरियो।

नगर विपद व्यवस्थापन समितिको मिति २०८२/०२/०८ गतेको निर्णय

तपसिलः

प्रस्तावहरुः

१. स्वर्गद्वारी स्वास्थ्य चौकी स्व.न.पा. २, झुपाकोट प्रा.वि. स्व.न.पा. ६ र बाल कल्याण प्रा.वि. स्व.न.पा. ९, ने.रा प्रा.वि. स्व.न.पा. ४ भिंग्रीकोट, श्री पृथ्वी ने.रा प्रा. वि. स्व.न.पा.२ को हावाहुरीले जस्ता उडाएको भवनहरु मर्मत गर्ने सम्वन्धमा ।

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

२. मिति २०८२/०२/०७ गतेको बाढी भेलले स्व.न.पा ४ मा पुर्याएको क्षती र क्षतीपूर्तिको लागि दिइएको निवेदन सम्बन्धमा ।

३. विपद सम्बन्धी बिभिन्न निवेदनहरु सम्बन्धमा।

४. मिति २०८२/०२/०७ गतेको अविरल बर्षाको कारण स्व.न.पा १ को ने.रा.मा.वि. कोचिबांगको विद्यालयमा पुर्याएको क्षती तथा वडा नं ४ को बांजीपुर खत्रि टोल र वडा नं ४ कै मोहन खोलाले स्वर्गद्वारी नगरपालिकाको बजार क्षेत्रमा गरेको क्षति न्यूनीकरण गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १ः प्रस्ताव नं (१) माथी छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको तपसिलका विद्यालय र स्वास्थ्य चौकीका जस्तापाता यही मिति २०८१/१२/३० गतेको हावाहुरीबाट क्षति भई मर्मत गर्नुपर्ने भएकोले तपसिल अनुसार इष्टिमेट बमोजिमको रकम खर्च गरि मर्मत गर्न विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउन नगर कार्यपालिकालाई सिफारिश गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | क्षतिको विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | स्वर्गद्वारी स्वास्थ्य चौकी | स्व.न.पा. २ | हावाहुरीबाट जस्ता उडाएर क्षति | २,६६,६५५/९६ |
| २ | झुपाकोट प्रा.वि. शौचालय मर्मत | स्व.न.पा. ६ | हावाहुरीबाट जस्ता उडाएर क्षति | ६१,८१६/८५ |
| ३ | बाल कल्याण प्रा.वि. सिम्ले | स्व.न.पा. ९ | हावाहुरीबाट जस्ता उडाएर क्षति | १,२६,८७६/१२ |
| ४ | ने.रा प्रा. वि. भिंग्रीकोट | स्व.न.पा. ४ | हावाहुरीबाट जस्ता उडाएर क्षति | ८८,४४९/७५ |
| ५ | श्री पृथ्वी ने.रा प्रा. वि. | स्व.न.पा. २ | हावाहुरीबाट जस्ता उडाएर क्षति | ४९,५६८/४९ |
| | | | जम्मा रु. | ५,९३,३६७/१७ |

निर्णय नं २ः प्रस्ताव नं (२) माथी छलफल गर्दा मिति २०८२/०२/०७ गते असिना पानी सहितको ठुलो बर्षा हुदा स्थानीय मोहनखोलाबाट आएको बाढी तथा भेलले भिंग्री बजारमा स्थानियहरुको घरमा बाढी पसी घरमा क्षति पुराउनुको साथै ठुलो मात्रामा घर जग्गा तथा नाला तथा खानेपानी सम्रचना पुरेको र तपसिलका व्यक्तिहरुले क्षतिको लागि राहत पाउँ भनि निबेदन दिएकोले तपसिल अनुसार बाढी पिडितहरुलाई आर्थिक सहायता कार्यविधि अनुसार तपसिल अनुसार राहत उपलब्ध गराउन विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउन स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | निवेदकको नाम | ठेगाना | क्षतिको विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | दिपा रावल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी भान्सा र शौचालय क्षति । | प्रहरी मुचुल्का अनुसार क्षति एकिन नभएको , आर्थिक सहायेता कार्यविधि अनुसार को क्षति एकिन भएमा राहत उपलब्ध गराउने । |
| २ | पिमा रावल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति । | प्रहरी मुचुल्का भएमा नगद बाहेकको कार्यविधि अनुसारको कपडा र खाद्यन्न उपलब्ध गराउने । |

स्वर्गद्वारी नगरपालिका २०७२

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | रेशमी खड्का | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घरको आँगन र बारीमा पुरेको । | प्रहरी मुचुल्का अनुसार क्षति एकिन नभएको, आर्थिक सहायेता कार्यविधि अनुसार को क्षति एकिन भएमा राहत उपलब्ध गराउने । |
| ४ | देवा रावल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति । | प्रहरी मुचुल्का भएमा नगद बाहेकको कार्यविधि अनुसारको कपडा र खाद्यन्न उपलब्ध गराउने । |
| ५ | युवराज महतारा | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घरको गोठ र बारीमा पुरेको। | प्रहरी मुचुल्का अनुसार क्षति एकिन नभएको, आर्थिक सहायेता कार्यविधि अनुसार को क्षति एकिन भएमा राहत उपलब्ध गराउने। |
| ६ | सिमा योगी | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति र बारीमा पुरेको । | प्रहरी मुचुल्का अनुसार क्षति एकिन नभएको, आर्थिक सहायेता कार्यविधि अनुसार को क्षति एकिन भएमा राहत उपलब्ध गराउने । |
| ७ | देवी बुढाथोकी | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा भाडाकुडा बगाएको | प्रहरी मुचुल्का भएमा नगद बाहेकको कार्यविधि अनुसारको कपडा र खाद्यन्न र भाडाकुडा उपलब्ध गराउने |
| ८ | गङ्गा बुढाथोकी | स्व.न.पा. ४ | बाखाको खोर बाढीले भरिएको । | प्रहरी मुचुल्का भएमा, खोरको क्षति भए पूर्ण नस्ट भएमा  कार्यविधि अनुसार गोठको रकम उपलब्ध गराउन सकिने। |
| ९ | सावित्रा खड्का | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा भाडाकुडा बगाएको, घर शौचालय बारी पुरेको । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको कपडा , खाद्यन्न र भाडाकुडा र नगद उपलब्ध उपलब्ध गराउने। |
| १० | राम बहादुर रावल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर शौचालय बारी पुरेको । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको राहत उपलब्ध गराउने । |
| ११ | मिना रावल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति । | प्रहरी मुचुल्का भएमा नगद बाहेकको कार्यविधि अनुसारको कपडा र खाद्यन्न उपलब्ध गराउने । |
| १२ | हरि बहादुर रावल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी गोठ बारी पुरेको । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको राहत उपलब्ध गराउने । |

स्वर्गद्वारी नगरपालिका
२०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १३ | बसन्ती बुढाथोकी | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति घर समेत भत्किने अवस्थामा रहेको । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको राहत उपलब्ध गराउने । |
| १४ | श्रीधर खड्का | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान पुरेको । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको प्रहरी मुचुल्का भएमा नगद बाहेकको कार्यविधि अनुसारको कपडा र खाद्यन्न राहत उपलब्ध गराउने । |
| १५ | बिश्री रोकाय | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी मकै बारी पुनः प्रयोग गर्न नसकिने । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसार जग्गाको राहत उपलब्ध गराउने । |
| १६ | प्रदिप कुमार शाही | स्व.न.पा. ४ | घर र बारीमा हावाहुरी बाढी पसी घर | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको राहत उपलब्ध गराउने । |
| १७ | जानकी खड्का | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी तरकारी खेति, बारी तथा घरमा क्षति। | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको राहत उपलब्ध गराउने। |
| १८ | बालि खड्का क्षेत्रि | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति बारी क्षति । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको कपडा र खाद्यन्न र भाडाकुडा र जग्गाको राहत उपलब्ध उपलब्ध गराउने । |
| १९ | संगीता श्रेष्ठ | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको कपडा, खाद्यन्न र भाडाकुडा उपलब्ध गराउने । |
| २० | बालाराम कालाथोकी | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको कपडा र खाद्यन्न र भाडाकुडा उपलब्ध गराउने । |
| २१ | लक्ष्मण हमाल | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भित्रका अन्न कपडा अन्य समान क्षति । | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको कपडा र खाद्यन्न र भाडाकुडा उपलब्ध गराउने । |
| २२ | थुमा रोका | स्व.न.पा. ४ | हावाहुरी बाढी पसी घर भत्केको | प्रहरी मुचुल्काबाट एकिन भएमा कार्यविधि अनुसारको नगद, कपडा र खाद्यन्न र भाडाकुडा उपलब्ध गराउने । |

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

निर्णय नं ३: प्रस्ताव नं (३) माथी छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकामा विभिन्न मितिमा विपद सम्बन्धि तपसिलका घटनामा पिडित निवेदकहरुलाई तपसिल बमोजिम आर्थिक सहायता कार्यविधि अनुसार विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउन नगर कार्यपालिकालाई सिफारिश गर्ने निर्णय गरियो ।

| क.स. | निवेदकको नाम | ठेगाना | क्षतिको विवरण | निर्णय भएको व्यहोरा | घटना मिति |
|---|---|---|---|---|---|
| १ | इमान सिंह थापा क्षेत्रि | स्व.न.पा. ८ | पानी र हावाहुरी छाना भत्किएको । | निजको नाम सुरक्षित् नागरिक आवासको लाभग्राही लिस्टमा रहेकाले उक्त कार्यक्रमबाट जस्ता लगाउने ब्यबस्था मिलाउने । | २०८२/०१/०४ |
| २ | पिंकी जी.एम. | स्व.न.पा. ४ | घरको गारो भत्किएको । | आर्थिक सहायता कार्यविधि अनुसार रु. १५०००/- दिने। | २०८२/०२/०४ |
| ३ | इन्द्र बहादुर सार्की | स्व.न.पा.९ | आगलागी बाट गोठ जलेको । | आर्थिक सहायता कार्यविधि अनुसार रु. ५०००/- दिने । | २०८१/०९/१५ |
| ४ | मदन कुमार पोखेल | स्व.न.पा.३ | घरको तल पट्टिको कोठाको आधा कोठाको माटो पहिरोले तानेको। | के कति क्षति हो एकिन गरी आर्थिक सहायता कार्यविधि अनुसार दिने। | २०८१/०६/११ |
| ५ | हुमा देवी सार्की | स्व.न.पा. ४ | हावाहुरीले छानो सबै उडाएको र वर्षाले घर ढलेर पूर्ण रुपमा नष्ट भएको। | रु. २ लाख रकम उपलब्ध गराउन कार्यपालिकामा सिफारिस गर्ने। | २०८१/१२/३० |
| ६ | मैमा देवी खड्का | स्व.न.पा. ४ | पानी सहितको लेदो घरमा पसी लेदो फाल्न आर्थिक सहयोग माग । | के कति क्षति हो एकिन गरी आर्थिक सहायता कार्यविधि अनुसार दिने। | २०८२/०२/०७ |

निर्णय नं ४: प्रस्ताव नं (४) माथी छलफल गर्दा मिति २०८२/०२/०७ गतेको अविरल बर्षाको कारण स्व.न.पा १ को ने.रा.मा.वि. कोचिबांगको निर्माणाधीन बिद्यालयको भवन सो भन्दा माथिको ठुलो ढिस्को पहिरो गइ संरचना पुरिन गएको र त्यहाँ बाट पहिरो नहटाउदा सम्म निर्माण कार्य अगाडी बढाउन सम्भब नरहेकाले तत्काल पहिरो सफा गरी निर्माण कार्य अगाढी बढाउन प्रविदक इष्टिमेट बमोजिम आबस्यक पर्ने रु. ९,५०,०००/-(नौ लाख पचास हजार) रकम विपद व्यवस्थापन कोष बाट खर्च गरी काम गर्ने गरी निर्णयका लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरीयो । साथै यस नगरपालिकाको वडा नं ४ को बांचिपुर खत्रि टोलमा ढल निकासा नहुदा बनको सोता बाट आएको माटो सहितको लेदो र पानी ८ वटा घरमा पसेर बस्न नमिल्ने र घरको गारो कटान

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गरेको तथा सो बस्तीका ५० घर समेत तत्कालै ढल निकास नगरे जोखिममा पर्ने भएको र स्थानीयहरुले आफ्नो प्रयासले मात्र ढल व्यवस्थापन गर्न सक्ने अवस्था नरहेकाले उक्त समुदायको सुरक्षाका लागि प्राविधिक इस्टिमेट बमोजिमको रु १,४८,०००/- रकम विपद व्यवस्थापन कोष बाट खर्च गरी काम गर्ने गरी निर्णयका लागि नगर कार्यपालिका लाई सिफारिस गर्ने निर्णय गरियो।

यसैगरी मोहन खोलाले स्वर्गद्वारी नगरपालिकाको बजार क्षेत्रमा पूर्व मनसुन को शुरुमै ठुलो क्षति गरेकाले यस पटकको बर्षा याममा हुने सम्भावित क्षति रोक्न पोखरीबाट माटो फाली खाली गरी रोकथाम र बेगमा कमि ल्याउन आवश्यक पर्ने रु ७,००,०००/- रकम विपद व्यवस्थापन कोष बाट खर्च गरी काम गर्ने गरी निर्णयका लागि नगर कार्यपालिका लाई सिफारिस गर्ने निर्णय गरियो। साथै भेल तर्काउने स्थानमा तर्काउने तथा पुरिएका स्थानहरुमा नगरको ब्याक हो लोडर प्रयोग गर्ने निर्णय गरीयो।

**निर्णय नं.(३) प्रस्ताव नं. ३** माथि छलफल गर्दा प्यूठान जिल्ला सुरक्षित् नागरीक आवास समन्वय समितिको मिति २०८१/११/२४ गते बसेको बैठकको निर्णय नं २ अनुसार यस नगरपालिका लाई प्राप्त कुल ४०० कोटा मध्ये ३४ जना लाभग्राही छनौट गर्नु पर्ने भएकाले सुरक्षित् नागरीक आवास कार्यान्वयन कार्यविधि बमोजिम निवेदन माग गर्न १० दिनको सुचना प्रकाशन गर्ने निर्णय गरीयो।

**निर्णय नं.(४) प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस पालिकाको वडा नं. ८ मा स्थापना भएको शान्तिपार्कको मिति २०८२/०२/१७ गते उद्धाटन गर्ने साथै उक्त पार्कको घेरावारको लागि मर्मत सम्भार कोषबाट रु ६९,०००/- उनान्सत्तरी हजार र शान्तीपार्क नूनेपानी लिफ्ट खानेपानी मर्मतको लागि सोही कोषबाट रु ५९,०००/- उनान्साठी हजार खर्च गरी मर्मत गर्ने निर्णय गरीयो।

**निर्णय नं.(५) प्रस्ताव नं. ५** माथि छलफल गर्दा शिक्षक दरबन्दी मिलान कार्यविधि संशोधनको लागि आवश्यक अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरीयो।

**निर्णय नं.(६) प्रस्ताव नं. ६** माथि छलफल गर्दा बालविकास समायोजन कार्यविधि आवश्यक अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरीयो।

**निर्णय नं.(७) प्रस्ताव नं. ७** माथि छलफल गर्दा प्रशासनिक भवन फिल्ड मर्मत, चमेना गृह परिसरमा शौचालय निर्माण, पार्किङस्थल निर्माण योजना ठेक्का गरी कार्यान्वयन गर्दा बचेको रकम रु ५,१८,०००/- पाँच लाख अठार हजार रुपैयाबाट तपसिलका कार्यहरुमा खर्च गर्ने निर्णय गरीयो।

तपसिल:

क) नगरपालिकको लोगोको लागि स्ट्रक्चर निर्माण।

ख) चाईनिज दुवो लगाउने।

ग) पार्किङमा स्लाब निर्माण र ईट्टाको पर्खाल निर्माण।

घ) कान्टिन र वाटर प्रुफ प्लाइउड फल्स सिलिङ राख्ने।

ङ) कान्टिनको शौचालयमा पिडि निर्माण।

**निर्णय नं.(८) प्रस्ताव नं. ८** माथि छलफल गर्दा नगरपालिकाको नगर प्रहरी इकाईमा भर्ना भएका नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानहरुको ७ दिने आधारभूत तालिम सम्पन्न भएकोले हवल्दार पदको

स्वर्गद्वारी नगरपालिका २०७२

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

लागि तीन धर्सा (बिल्ला) र नगर प्रहरी जवानको लागि गाढा खैरो किनारामा चुस्ता र बीचमा रातो रङ दर्ज्यानी चिन्ह प्रदान गर्ने निर्णय गरीयो।

**निर्णय नं.(९)** प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल स्वास्थ्यको लागि पानी संस्था संगको साझेदारीमा तपसिलका योजना/आयोजना छनौट गरी पठाउने निर्णय गरीयो।

| क.स. | योजना/आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | ठूलोखोला, बान्धारा, पुन्दीप, डाडाकटेरी लिफ्ट खानेपानी आयोजना | ९ | |
| २ | ओर्ला भैसीलोटे मान्द्रे छेडा भालुखोला एक घर एकधारा खानेपानी आयोजना | ७ | |
| ३ | बेलवास खानेपानी योजना १ घर एक धारा | ६ | |
| ४ | गोठिबाङ बृहत खानेपानी तथा सरसफाई आयोजना(साविक ४/५ नं. वडा) | ४ | |
| ५ | पधेरीखोला लिफ्ट खा.पा. आयोजना | ३ | |
| ६ | नवरेखोला अम्टुक खा.पा आयोजना | २ | |
| ७ | उभखोला दबाङ एक घर एक धारा खा.पा. आयोजना | १ | |
| ८ | उपल्ला सारी खानेपानी स्वास्थ्य तथा सरसफाई आयोजना | ५ | |

**निर्णय नं.(१०) विविध(क)** प्रस्ताव नं. १० विविध(क) माथि छलफल गर्दा लुम्बिनी प्रदेश खानेपानी मन्त्रालयको प्राबिधिक सहयोगमा यस स्वर्गद्वारी नगरपालिकाबाट तयार गरीएको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना २०२५-२०३५ वाश प्लान तयार गरी योजना शाखा बाट प्रस्तुत गरीयो र आवश्यक परिमार्जन सहित अनुमोदन गरीयो साथै वाश प्लान लाइ आ.व २०८२/०८३ मा अध्यावधिक गर्न लुम्बिनी प्रदेश खानेपानी मन्त्रालयलाइ सहयोग गर्न अनुरोध गर्ने निर्णय गरीयो।

**निर्णय नं.(१०) विविध(ख)** प्रस्ताव नं. १० विविध(ख) माथि छलफल गर्दा ईगल्स सोलुसन्स, अनामनगर काठमाडौद्धारा तयार पारिएको यस नगरपालिका वडा नं. ३ मा रहेको बलाङ्ग औधोगिक ग्राम स्थापनाको लागि प्रस्तुत भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरीयो।

**निर्णय नं.(१०) विविध(ग)** प्रस्ताव नं. १० विविध(ग) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाका विभिन्न स्थान स्वर्गद्वारी मन्दिर, सारी भु-वनोट र शान्तिपार्क लगायतका विभिन्न स्थानहरुको पर्यटन प्रर्वद्धनका लागि नेपाल प्रर्यटन बोर्ड सँग लागत साझेदारीको लागि पत्राचार गर्ने र लागत साझेदारीको रकम अन्य कार्यक्रम शीर्षकवाट खर्च हुने कार्यक्रम गरी आगामी कार्यपालिका वैठकबाट खर्च अनुमोदन गर्ने निर्णय गरियो।

अन्त्यमा आजको ७०औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरीयो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

............................

(केशवराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत